कविता

## प्रहरी जवान

बेपत्ता पारी मारीएका
प्रहरी जवान धनबहादुर
विह्वल भै रोइरहेकी
धर्मपत्नि मनहजूर
अनिश्चित भविष्यमा रुमल्लिएका
टुहुरा टुहुरीको के कसूर ?

जीवन कति सजिलै उजाडिएछ
भयावह पिंडामा घोप्टिएछ
जीवन केवल एकचोटी रहेछ
रुंदा रुंदा शून्य नयन पनि निचोरीएछ

जीवनको चालक नै वितेपछि
बांकी जीवन कतिदिन चल्ला र ?
घीर्स्रीदै घीर्स्रीदै जीवनले
कठोर अंधकार कसोरी छल्ला र ?

उ थियो त कर्तव्यको प्रहरी
जसको सत्ता उसैको प्रहरी
राष्ट् र जनताको प्रहरी
बेरोजगारी र भोकमा पाएको पद प्रहरी

त्यसैले जहिले पनि
खटाइएको ठाउंमा जानैपर्ने प्रहरी
तर अहिले केवल
धर्मपत्निको आंशुमा खसीरहने प्रहरी

राकेश कार्की
क्यानाडा